नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन एकाई
## धनुषा

फो.नं.:०४१-४२६४०४
इमेल.: pmamp.piu.dhanusa@gmail.com
वेवसाइट.:piudhanusha.pmamp.gov.np


पत्र संख्या : २०८१/०८२
च.नं. ११५

मिति : २०८१/०९/२४

विषय : सूचना टाँसको लागि पठाईएको बारे ।

श्री सबै स्थानीय तहहरु (धनुषा/महोत्तरी) ।

उपर्युक्त सम्बनधमा यस परियोजनाबाट मिति २०८१/०९/२४ मा प्रकाशन गरिएको पुनः प्रस्ताव आह्वान सम्बन्धी सूचना पाना थान-३(तीन) यसै पत्र साथ संलग्न राखी सूचना टाँसको लागि पठाईएको छ । ताहाँको सूचना पाटीमा सूचना टाँस गरी सोको जानकारी पठाई दिनु हुन अनुरोध छ।

(राकेश कुमार यादव)
कृषि अधिकृत

श्री प्रशासन + कृषि शाखा
पालिकाको facebook तथा website
सम्पर्कमा सूचना राखि सूचना व्यापक
रूपमा प्रचार प्रसार गरि गर्नु
१२५


औरही नगरपालिका
दर्ता नं. १२९६
दर्ता मिति : ०८१/०९/२५

फो.नं.:०४१-४२६४०४
इमेल.: pmamp.piu.dhanusa@gmail.com
वेबसाइट.:piudhanusha.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
**परियोजना कार्यान्वयन एकाई**
धनुषा

# पुनः प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०६/२९
पुनः प्रकाशित मितिः २०८१/०९/२४

यस कार्यालयको चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०८१/०६/२९ मा प्रथम पटक प्रकाशित प्रस्ताव आह्वान सम्बन्धी सूचना बमोजिमको म्याद भित्र न्यून संख्यामा आवेदन/प्रस्ताव पेश हुन आएका (वा कुनै पनि आवेदन पेश नभएका) तपशिलका कार्यक्रमहरुका लागि आवेदन/प्रस्ताव पेश गर्न पुनः यो सूचना प्रकाशित गरिएको संचालन गर्न इच्छुक यस परियोजना कार्यान्वयन एकाई, धनुषा र जोन प्राविधिक एकाई, महोत्तरीको कार्यक्षेत्र भित्र पर्ने सूचिकृत कृषक समुह/सहकारी संस्था/जल वा वन उपभोक्ता समिति/कृषि बजार व्यवस्थापन समिति/कृषि उद्यमी/फर्महरुले मिति २०८१/१०/०९ गते भित्र आफुले संचालन गर्न चाहेको कार्यक्रमका लागि आवश्यक कागजात सहित आवेदन/प्रस्ताव पेश गर्नु हुन (हालसम्म सूचिकृत हुन बाँकी रहेका आवेदकले आवेदन/प्रस्ताव पेश गर्नु अघि अनिवार्य रुपमा सूचिकृत हुनु पर्नेछ । साथै, चैते धान, मसिना/वास्नादार धान प्रवर्द्धन तथा स्वेदेशी हाइब्रिड धान प्रदर्शन कार्यक्रमहरुका लागि परियोजनाको कार्यक्षेत्र बाहिरका, सूचिकृत नभएका र व्यक्तिगत रुपमा खेति गर्न चाहने कृषकहरुले समेत आवेदन पेश गर्न सक्नेछन्) सम्बन्धित सबैमा जानकारीका लागि यसै सूचना मार्फत् अनुरोध गरिन्छ।

<u>तपसिलः</u>

| क्र.स. | कार्यक्रमको नाम | माग संख्या | परियोजना क्षेत्र | अनुदान रकम |
|---|---|---|---|---|
| १ | ट्याग सहितको शुद्ध नश्लको माउँ माछाको भुरा वितरण | ८०० संख्या | धनुषा र महोत्तरी जिल्ला | कार्यक्रम अनुसार |
| २ | साना कृषि यन्त्र, औजार निर्माण/मर्मत उद्योग स्तरोन्नतिका लागि ५० % अनुदानमा मेशिनरी खरिदमा सहयोग | १ पटक | माछा सुपरजोन/धान जोन/आँप जोन/तरकारी जोन/माछा जोन | |
| ३ | सार्वजनिक निजि साझेदारीमा भुमिगत जल पुनर्भरन, सिंचाई र कृषि पर्यटकका लागि ठुला संरक्षण पोखरी निर्माण (≥ २.५ हे. जलाशय; २.५ मि. गहिराई) | २ संख्या | माछा जोन/माछा सुपरजोन र भावरक्षेत्रलाई प्राथमिकता हुने गरि धनुषा/महोत्तरी जिल्लाभरी | |
| ४ | चक्लाबन्दीमा तरकारी खेती व्यवसाय प्रवर्द्धनका लागि साना ढुवानी साधनमा अनुदान सहयोग | १ पटक | तरकारी जोन महोत्तरी | |
| ५ | धान मिल स्तरोन्नतीका लागि मेशिनरी उपकरणमा ५०% अनुदान | १ संख्या | धनुषा र महोत्तरी जिल्ला | |

लक्ष्मण कुमार सिंह
वरिष्ठ कृषि अधिकृत

| क.स. | कार्यक्रमको नाम | माग संख्या | परियोजना क्षेत्र | अनुदान रकम |
|---|---|---|---|---|
| ६ | सिंचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भार | ४० संख्या | माछा जोन महोत्तरी | कार्यक्रम कार्यक्रम अनुसार |
| ७ | साना सिंचाई कार्यक्रम | १४० संख्या | माछा सुपरजोन धनुषा/धान जोन धनुषा/माछा जोन महोत्तरी | |
| ८ | सहकार्यमा तरकारी वीउ श्रोत केन्द्र स्थापना | १ संख्या | तरकारी जोन महोत्तरी | |
| ९ | मत्स्य प्रशोधन उद्योग संचालन सहयोग | १ संख्या | माछा सुपरजोन धनुषा | |
| ११ | मत्स्य पोखरी निर्माण | १० हेक्टर | माछा जोन महोत्तरी/माछा सुपरजोन धनुषा | |
| १२ | मत्स्य मूल्य श्रृंखलामा आधारित उद्योगलाई बजारीकरणका लागि ढुवानी साधनमा अनुदान | १ संख्या | माछा जोन महोत्तरी | |
| १३ | जोन/सपुरजोन प्रभाव क्षेत्रमा क्षेत्रफल विस्तार(आँप) | २० हेक्टर | आँप जोन धनुषा | |
| १४ | आँप बगैचामा अन्तरबाली कार्यक्रम (अदुवा/वेसार/ओल) | १० हेक्टर | आँप जोन धनुषा | |
| १५ | सहकार्यमा बजारीकरण सहयोग | २ संख्या | आँप जोन धनुषा | |
| १६ | आँप प्रशोधन उद्योग संचालन सहयोग | १ संख्या | आँप जोन धनुषा | |

कार्यक्षेत्र :

| जिल्ला | जोन/सुपरजोन | कार्यक्रम संचालन हुने परियोजनाको कार्यक्षेत्र |
|---|---|---|
| धनुषा | माछा सुपरजोन | कमला न.पा., विदेह न.पा., हँसपुर न.पा. ,शहिदनगर न.पा., जनकपुरधाम उ.म.न.पा., धनुषाधाम न.पा., सबैला न.पा., मिथिला विहारी न.पा., धनौजी गा.पा. लक्ष्मिनिया गा.पा. , जनकनन्दनी गा.पा., औरही गा.पा., क्षिरेश्वरनाथ न.पा., बटेश्वर गा.पा.-५ |
| | धान जोन | औरही गा.पा., जनकनन्दनी गा.पा., कमला न.पा., विदेह न.पा., शहिदनगर न.पा., हँसपुर न.पा. (वाड नं.४,६,९), जनकपुर उप-महानगरपालिका |
| | आँप जोन | गणेशमान चारनाथ न.पा., मिथिला न.पा., वटेश्वर गा.पा., धनुषाधाम न.पा.(६ र ९ मात्र) |
| महोत्तरी | तरकारी जोन | भंगहा न.पा.-४,५ बर्दिवास न.पा.-२,३,४,५,६,७,८,९,१०,११,१२,१३,१४, राम गोपालपुर न.पा.-४,५,६,७,८, औरही न.पा.-४,७,९ गौशाला न.पा.-१,३,५,८,१०,११,१२, सोनमा गा.पा.-४, समसी गा.पा.-१,२,४ |
| | माछा जोन | भंगहा न.पा.-१,२,३,६,७,८,९ लोहारपट्टी न.पा.-५,६,८,९, राम गोपालपुर न.पा.-१,२,३, औरही न.पा.-१,२,३,५,६,८, गौशाला न.पा.-२,४,६,७,९, सोनमा गा.पा.-२,५,८, समसी गा.पा.-५ |

नोट :

१. आवश्यक कागजात र प्रक्रिया : प्रस्ताव फारममा उल्लेख भए बमोजिम हुनेछ ।

२. एक प्रस्तावकले चक्लाबन्दी, क्षेत्रफल विस्तार/पोखरी निर्माण, माउमाछा भुरा, अन्तरबाली र सिंचाई सम्बन्धी कार्यक्रमका अतिरिक्त अधिकतम ३ वटा कार्यक्रममा प्रस्ताव पेश गर्न सक्नेछन् र प्रस्ताव फारममा आवेदन गरेको कार्यक्रमको प्राथमिकताक्रम समेत उल्लेख गर्नु पर्नेछ ।

ललन कुमार सिंह
वरिष्ठ कृषि अधिकृत

३. बढी लागत साझेदारी जुटाउने र स्थानीय तह वा अन्य साझेदार निकायसँगको सहकार्यमा संचालन गरिने र यस अघि सोहि कार्यक्रममा अनुदान प्राप्त नगरेका आवेदकको प्रस्तावलाई प्राथमिकता प्रदान गरिनेछ। तर, स्तरोन्नति/सुदृढिकरण सम्बन्धी कार्यक्रमहरुको हकमा आवेदक/प्रस्तावकको स्व-लगानी वा अनुदान सहयोगमा निर्माण/संचालनमा रहेको परियोजनाको विद्यमान पूर्वाधार/संरचना/मेशीनरी/सुविधा आदिको मौजुदा कार्यको क्षमता अभिवृद्धि/विस्तार वा प्रविधिमा सुधार वा थप नयाँ पूर्वाधार/संरचना/सुविधा/मेशीनरी जडान कार्य समेत गर्ने सकिने गरी प्रस्ताव पेश गर्न सकिनेछ ।

४. प्रस्ताव फारम यस कार्यालयको वेबसाइट piudhanusha.pmamp.gov.np बाट डाउनलोड गर्न तथा रित पूर्वक भरिएका प्रस्ताव(हरु) सम्बन्धित शाखा (जोन/सुपरजोन फाँट) मा बुझाउन सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु मूल्यांकन/छनौट प्रक्रियामा समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

(ललनकुमार सिंह)
वरिष्ठ कृषि अधिकृत

**नोट** : यस सम्बन्धी थप जानकारीको लागि परियोजना कार्यान्वयन एकाई धनुषाको कार्यालय, जनकपुरधाम वा जोन प्राविधिक एकाई महोत्तरीको कार्यालय जलेश्वरमा सम्पर्क राख्न सकिनेछ । सम्पर्क मो.नं. ९८५४०२००५३/९८५४०३३१७१